SKYWALK
ELEVATE . INSPIRE . THRILL

# प्रेस विज्ञप्ति

वन्डर्स ग्रुपको लगानीमा काठमाडौँको कमलादीमा निर्माण गरिएको 'स्काइवाक काठमाडौँ' तेस्रो वर्षमा प्रवेश गरेको छ ।यस अवसरमा हामी हाम्रा लगानीकर्ता, कर्मचारी एवं शुभचिन्तकहरूमा हार्दिक आभार व्यक्त गर्दछौं ।मिडियाकर्मी साथीहरू, स्काइवाकप्रति सुरुआतदेखि नै यहाँहरूले देखाउनुभएको माया र सहयोगप्रति हामी कृतज्ञ छौं ।काठमाडौँ सहरबीच साहसिक गतिविधि गर्न पाउने अवसर उपलब्ध गराउने उद्देश्यले हामीले स्काइवाक सञ्चालनमा ल्याएका थियौं ।हाम्रो उद्देश्यमा हामी प्रतिबद्ध रहँदै, आगामी दिनमा अझ रोचक र मनोरञ्जनात्मक सेवा दिने हाम्रो योजना यहाँहरूलाई जानकारी गराउन चाहन्छौं ।

वार्षिक उत्सवका अवसरमा स्काइवाकमा आउने पाहुनालाई उनीहरूकै फोटो अंकित कप निःशुल्क उपहार दिइनेछ ।यो सुविधा छुट सुविधा प्रयोग नगरिएका हरेक टिकटमा लागू हुनेछ र तीन महिनासम्म मान्य हुनेछ ।कूल १३ रोपनीमा निर्माण भएको ७८.५ मिटर अग्लो स्काइवाक टावर बाहिरी जिल्ला तथा विदेशबाट काठमाडौँ आउनेका लागि प्रमुख गन्तव्य बनेको छ ।टावरको २५औँ तलामा सिसामाथि हिँड्न स्काइवाक बनाइएको छ । त्यहाँ हिँड्दा आकाशमा हिँडे जस्तो अनुभव हुन्छ ।साहसिक गतिविधि मन पराउनेका लागि स्काइवाक काठमाडौँ उत्कृष्ट गन्तव्य हो ।स्काइवाकमा १० एमएमको तीन तह गरी ३० एमएमको मोटो सिसा राखिएको छ ।यसलाई जोड्न डेढ एमएमका दुई सिसा समेत गरी ३३ एमएमको बाक्लो सिसा प्रयोग गरिएको छ ।निर्माणका क्रममा जमिनभन्दा ३५ मिटर मुनिसम्म ५८ वटा फलामका डण्डीहरू प्रयोग गरिएका छन् ।

टावरको माथि पुग्न दुई वटा लिफ्टको व्यवस्था गरिएको छ, जसमा एकै पटक ४५ जनासम्म जान सक्छन् । त्यस्तै स्काइवाकको माथिल्लो भागमा एकै पटक ५०० जनासम्म अट्न सक्छन् ।स्काइवाक साहसिक गतिविधिका लागि मात्र नभई काठमाडौँका ऐतिहासिक स्थलको जानकारी लिन पनि उपयुक्त गन्तव्य हो । यहाँबाट घण्टाघर, त्रिचन्द्र क्याम्पस, रानीपोखरी, दरबार हाइस्कुल, टुँडिखेल, धरहरा, शहीदगेट, सिंहदरबार आदि अवलोकन गर्न सकिन्छ ।पछिल्लो समय जमघटको थलो बनेको यस स्थानमा स्काइवाकबाहेक अन्य सुविधाहरू पनि छन् ।टावर परिसरमा साना कार्यक्रम गर्न एमपी थिएटरको सुविधा, स्काइवाकबाट सूर्योदय र सूर्योस्तको दृश्यावलोकन,योगाआदि गर्न सकिने व्यवस्था गरिएको छ । यहाँबाट काठमाडौँको ३६० डिग्री दृश्यावलोकन गर्न सकिन्छ, जसले गर्दा सहरको एकै ठाउँबाट व्यापक जानकारी लिन सकिन्छ ।कम्पनीले अहिले पनि ८० वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक तथा तीन फिटभन्दा कम उचाइ भएका बालबालिकाबाट शुल्क लिँदैन ।चारपांग्रे तथा दुईपांग्रे सवारीसाधनका लागि पर्याप्त पार्किङ सुविधा भएको स्काइवाक परिसरमा लक्ष्मी हेयर एण्ड ब्युटी सलुन, हिमालयन जाभा, बाइबियर माइक्रो पब, फिलि चिया, बुरितो, एभरेस्ट मःमः लगायतका आउटलेटहरू छन् । टावरमा स्काइ बार र स्काइ क्याफे सञ्चालनमा छन् भने स्काइ क्लब निर्माणाधीन छ ।

Wonders
Nepal Pvt. Ltd.

**विष्णुहरिपाण्डे**
प्रबन्धनिर्देशक
२०७८/०३/१५